## दशौं बैठक

आज मिति २०८१।११।२२ गते बिहीबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री भविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री भविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | [signature] |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | [signature] |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | [signature] |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | [signature] |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | [signature] |
| ६. | श्री वावुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | — |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | [signature] |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | — |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | [signature] |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | [signature] |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | — |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | [signature] |
| १३. | श्री खुमा बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | — |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | — |
| १५. | श्री तिर्था बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | — |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | [signature] |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | — |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | [signature] |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | [signature] |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | [signature] |
| २१. | श्री जग्दिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | [signature] |
| २२. | श्री सूर्य क. थ.म. | का.वा. अध्यक्ष | भू.न.पा. - ६ | [signature] |
| २३. | श्री बाबुराम रसाल | " | भू.न.पा. - ८ | [signature] |

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २३. | जुना पाण्डे | लेखा अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २४. | राम बहादुर थापा | कृषि अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २५. | चिरन्जिवी भूसाल | सूचना प्रविधी अधिकृत | भुमिकास्थान नगरपालिका | |
| २६. | पुष्कर मिश्र | रोजगार संयोजक | भुमिकास्थान नगरपालिका | |
| २७. | अशोक खनाल | जिन्सी शाखा प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २८। | सुनिल [illegible] | लेखा सहायक | ॥ | |

प्रस्तावहरु

१. अधिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. मकै प्रवर्धन कार्यक्रम सम्बन्धमा
३. जैविक विविधता फिल्ड जीन बैंक
४. प्लाष्टिक टनेल वितरण सम्बन्धमा
५. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।
६. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धमा
७. लैंगिक बजेट परीक्षण सम्बन्धमा ।
८. संगठन व्यवस्थापन तथा सर्भेक्षण सम्बन्धमा ।
९. कृषि रणनीतिक योजना सम्बन्धमा ।
१०. सीपमूलक कर्मशील जनशक्तिहरुको तालिम सम्बन्धमा ।
११. श्रमको सम्मान राष्ट्रको अभियान प्रस्तुति सम्बन्धमा
१२. विविध ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अधिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अधिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो ।

- राष्ट्रिय योजना आयोगबाट मिति २०८१/१०/१६ गते प्रकाशित सूचनाको आधारमा संघीय समपूरक अनुदान कार्यविधी, २०८१ को अधिनमा रही संघीय समपूरक अनुदान तर्फ आर्थिक वर्ष २०८२/०८३ को लागि छनौट भएका बहुवर्षीय आयोजनाहरु राष्ट्रिय योजना आयोगको तोकीए बमोजिमको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमा तोकीएको समयावधि भित्र प्रविष्ट गर्ने निर्णय भए बमोजिम समयमै प्रविष्ट गरि सकिएको ।
- नुवाकोट खिल्जी असुरकोट सडकमा प्रीमिक्सको कार्यको लागि लागत अनुमान तयारी गर्दा ३ से.मी मोटाईको प्रिमिक्स गर्ने गरी ठेक्का बन्दोवस्ती भएकोमा संशोधित स्टाण्डर्ड नम्स बमोजिम उक्त प्रिमिक्सको मोटाई २ से.मि. कायम हुने गरी गर्ने निर्णय भए बमोजिम कार्य भएको ।
- दुम्केली खत्रीटोला खानेपानी मर्मतको लागि गत आर्थिक वर्ष २०८०/०८१ मा कार्यसम्पन्न भै भुक्तानी भएकोमा सम्बन्धित समितिको खाताको KYC अद्यावधिक नहुंदा बैंक खातामा भुक्तानी रकम जम्मा नभै फिर्ता भएकोले उक्त रकम आर्थिक वर्ष २०८१/०८२ मा मर्मत संभार कोषको रकमबाट भुक्तानी उपलब्ध गराउने निर्णय भए बमोजिम कार्य भएको ।
- भूमिकास्थान नगरपालिका भित्र हुनसक्ने आगलागि लगायतका विपद्हरुको न्यूनिकरण गर्न, राहात र उद्धारका कार्यहरुमा सहयोग पुरयाउनको लागि तत्काल नगरपालिकाको नाममा मिनिदमकलको रुपमा पानीट्यांकर जडान सहितको एक ट्रयाक्टर खरिद गर्ने साथै आगलागि नियन्त्रणको लागि ४ प्रहरी चौकीको लागि ४।४ वटाको दरले आगो निभाउने झापा र ३२ वटाको दरले पातपतिंगर सोहोर्ने दांदे खरिद गर्ने निर्णय भए बमोजिम पात पतिंगर निभाउने औजार र दांदे खरिद गरीसकिएको र ट्रयाक्टर खरिद प्रक्रिया अगाडी बढाइएको । साथै वडामा पातपतिंगर व्यवस्थापनको बजेटको लागि प्रस्ताव तैयारी भै रहेको ।

- पशुस्वास्थ्य शिविर संचालन गर्ने सन्दर्भमा भएको निर्णयको सन्दर्भमा शाखाबाट तयारी भै रहेको ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकामा संचालन गर्ने मकै प्रवर्धन कार्यक्रमको लागि नगरपालिका भित्रबाट परेका प्रस्तावहरु मध्ये तपसिल बमोजिमका प्रस्तावहरु छनौट गर्ने निर्णय गरियो ।
तपसिल :

१. श्री सूर्यकिरण कृषि सहकारी संस्था लिमिटेड, भूमिकास्थान १०, धनचौर
२. श्री भगवति कृषि सहकारी संस्था लिमिटेड, भूमिकास्थान २, ढाकाबांग
३. श्री साना किसान कृषि सहकारी संस्था लिमिटेड, भूमिकास्थान ६, खिल्जी
४. श्री प्रगतिशील मिश्रीत कृषि समूह, भूमिकास्थान ९ ढिकुरा

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकामा संचालन गर्ने जैविक विविधता सम्बन्धी फिल्ड जिन बैंक स्थापनाको कार्यक्रममको लागि नगरपालिकाबाट सूचना प्रकाशन गरी प्रस्ताव माग गरिएकोमा प्रस्ताव पेश गर्ने तपसिल बमोजिमका व्यक्ति/समूह/सहकारी/समूहहरुलाई छनौट गर्ने निर्णय गरियो ।
तपसिल :

१. श्री महाभारत कृषक सहकारी संस्था लिमिटेड, भूतपा ९
२. श्री ऋषिमुनि आयुर्वेद हर्वल प्रा.लि. भूमिकास्थान ९ गैरागोठ

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा पन्धौ नगरसभाबाट विनियोजित बजेटबाट आर्थिक वर्ष २०८१/०८२ मा कार्य गर्ने गरि प्लाष्टिक टनेल वितरणको लागि स्थायी टनेल वितरण कार्यक्रम गर्न कार्यालयबाट सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकामा संघीय सशर्त अनुदानबाट कार्यान्वयन हुने गरी सुरक्षित नागरिक आवास शिर्षकमा प्राप्त बजेटबाट तोकीएको मापदण्डको अधिनमा रही सुरक्षित आवासको लागि लाभग्राही छनौट गर्न सबै वडा कार्यालयहरुले लाभग्राहीहरुको नामावली फागुन मसान्त भित्र नगरपालिकामा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६ : संघीय सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत स्थानीय पूर्वाधार सहयोग कार्यक्रम संचालनको लागि स्थानीय तह छनौट सम्बन्धी मिति २०८१/११/१५ गतेको आशयपत्रको सम्बन्धमा छलफल गर्दा भूमिकास्थान नगरपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन गर्न ईच्छुक भएकोले तपसिल बमोजिमको प्रतिवद्धताहरु सहितको विवरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने निर्णय गरीयो ।

तपसिल

**(क) स्थानीय तहको इच्छा र प्रतिबद्धता सम्बन्धी सूचकाङ्ग/मापदण्ड:**

१. स्थानीय तहको इच्छा र प्रतिबद्धता:

(क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्वन गरी स्थानीय पूर्वाधारसम्वन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने।

(ख) स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन गर्ने।

(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्ने ।

२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसागको सहलगानीको हिस्सा विनियोजन गर्ने प्रतिबद्धता ।

३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता ।

**(ख) सामाजिक-आर्थिक असमानता/ भिन्नता, बेरोजगारी/गरिबी, जलवायु परिवर्तनको जोखिम तथा स्थानीय तहको सञ्चालन क्षमता र कार्यसम्पादन सम्बन्धी सूचकाङ्ग/मापदण्ड:**

४. अघिल्लो आर्थिक वर्षको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन मा प्राप्ताङ्क ।

५. अघिल्लो आर्थिक वर्षको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन को प्राप्ताङ्क।

६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा अघिल्लो आर्थिक वर्षको लागि वित्तीय समानीकरण अनुदानको सिफारिस को लागि मूल्याङ्कन गरिएका स्थानीय तहहरूको कार्यसम्पादन सूचकाङ्कहरूको समग्र सूचकाङ्क ।

७. स्थानीय तहहरूको बहुआयामिक असमानता सूचकाङ्क (सामाजिक/आर्थिक र अन्य ६ किसिमका असमानता आयामहरू जस्तै आर्थिक, स्वास्थ्य, शिक्षा, जनसंख्या, जीवनस्तर र जलवायु जोखिम) ।

८. स्थानीय तहहरूको समग्र जलवायु परिवर्तन संकटासन्नताको स्तरीकरण।

९. अघिल्लो आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गाउँ/नगरपालिकाका रोजगार सेवा केन्द्रमा अध्यावधिक गरिएको स्थानीय तहको कुल जनसंख्याको आधारमा पहिचान दर्ता भएका बेरोजगारहरूको अनुपात ।

१०. सामाजिक-आर्थिक रूपले सीमान्तकृत समुदायहरू जस्तै दलित, जनजाति, थारु, मधेशी, मुस्लिम, जातीय अल्पसंख्यक आदिको बसोबास तथा उपस्थिति सघनता ।

**(ग) पूर्वाधार विकास सम्बन्धी सूचकाङ्क**

११. खानेपानी सुविधा भएका घरपरिवारको अनुपात (धारा/पाइप जडान भएको परिसरभित्र वा बाहिर) ।

१२. कुल कृषियोग्य जमिनको क्षेत्रफलमध्ये सिंचाइमा पहुँच भएको प्रतिशत ।

१३. विद्युतमा पहुँच भएका घरपरिवारहरूको अनुपात (बत्ती बाल्नका लागि सामान्य/ नियमित स्रोत) ।

१४. पूर्वाधारसम्बन्धी क्षेत्रगत योजनाहरूको अवस्था (खानेपानी सरसफाइ तथा स्वच्छता योजना र गाउँ/नगर यातायात गुरुयोजना) ।

१५. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने प्रतिबद्धता ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लैगिक बजेट परीक्षणको कार्य सम्पन्न भएको र नगरपालिकाले ८० अंक प्राप्त गरेको लैगिक बजेट परीक्षण सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको संगठन संरचना व्यवस्थापन तथा सर्भेक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको कृषि रणनीतिक योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं.१० माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा नवप्रवर्द्धन साझेदारी कार्यक्रम कार्यान्यनको लागि सबै वडामा संचालन हुने सीपमूलक कर्मशील जनशक्ति तथा अन्य सहभागीहरुको तालिमको शुभारम्भ/उद्घाटन कार्यक्रम तपसिलबमोजिमको मितिमा संचालन गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. मिति २०८१/११/२५ गते : वडा नं. १,२,३ र ४
२. मिति २०८१/११/२७ गते : वडा नं. ५,६,७ र ८
३. मिति २०८१/११/२८ गते : वडा नं. ९ र १०

**निर्णय नं. ११ :** प्रस्ताव नं.११ माथि छलफल गर्दा श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी विषय बैठकमा प्रस्तुति भै जानकारी भयो ।

**निर्णय नं. १२ :** प्रस्ताव नं.१२ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिका वडा नं. ७, ८ र ९ मा संचालित गरिबसंग विश्वेश्वर कार्यक्रममा प्राप्त बजेटबाट तपसिल बमोजिमका क्रार्यहरु गर्ने निर्णय गरियो ।

१. खोर निर्माण, भूनपा ९ : रु. १०००००।
२. खोर निर्माण, भूनपा ७ र ८ : रु. १०००००।

**निर्णय नं. १३ :** भूमिकास्थान नगरपालिकाको वडानं. ७ डुम्रिचौरको केही क्षेत्रमा कर्मशील जनशक्ति मार्फत उत्पादन भएको तोरीको विक्री मूल्य प्रति के.जि. रु. १२५ तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** कर्मशील जनशक्ति मार्फत भूमिकास्थान वडा नं. ९ र १० मा उत्पादन भएको मकैको विऊ भूमिकास्थान नगरपालिकाका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराउनको लागि सूचना प्रकाशन गरी निवेदन माग गर्ने निर्णय गरियो । यदि भूमिकास्थानका कृषकहरुबाट प्रयाप्त माग समयमा प्राप्त नभएमा बचत उक्त विऊलाई बाहिरी स्थानीय तहहरुमा समेत विक्री गर्ने निर्णय गरियो

CamScanner